प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

रुपन्देही, नेपाल

## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७।५।१८ गते

यस निर्देशनालयको आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत कार्यक्रम अन्तर्गत तपशिल वमोजिमका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक यस प्रदेशभित्रका आवेदकहरुका लागि सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र तोकिए बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी शिलबन्दी प्रस्ताव कृषि विकास निर्देशनालय, बुटवल तथा सम्बन्धित कृषि ज्ञान केन्द्रहरु, नवलपरासी, पाल्पा, अर्घाखाची, कपिलवस्तु, दाङ्ग, बाके, रोल्पा वा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरु, प्युठान, बर्दिया र पूर्वि रुकुममा पेश गर्न यो सूचना आह्वान गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

तपसिल

| क्र. सं. | कार्यक्रमको नाम | स्वीकृत बजेट (रु. लाखमा) | संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु | न्यूनतम मापदण्ड तथा पालना गर्नु पर्ने शर्तहरु | अनुदान उपलब्ध गराउने कृयाकलाप र अनुदानको सिमा | आवेदकको किसिम |
|---|---|---|---|---|---|---|
| १ | प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम हाइटेक मात्र | १०० | प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को अनुसूची-१ बमोजिमका कागजातहरु । | प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को दफा ५ बमोजिम । | ● प्रति अनुदानग्राही एक वटा संरचना<br>● न्युनतम ३९५६ वर्गमिटर वा सो भन्दा बढि क्षेत्रफलको एग्रीनेट हाउस (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित) निर्माणका लागि अधिकतम रु. २०,७६,९००।- वा न्यूनतम १००८ वर्गमिटर वा सो भन्दा बढि क्षेत्रफलको नेचुरल्ली भेण्टिलेटेड पोलिहाउस (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित) निर्माणका लागि बढिमा रु. १४,६१,६००।- वा कुल लागतको बढिमा ५० प्रतिशत मध्ये कम हुन आउने रकम अनुदान दिइने । | कृषक समूह, कृषि सहकारी, निजी कृषि कम्पनी र निजी कृषि फार्म । |

नोट: माथि उल्लेखित कार्यविधिहरु, विस्तृत सूचना तथा आवेदनका नमूना फर्मेटहरु यस निर्देशनालय तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेबसाइट doad.p5.gov.np तथा molmac.p5.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ । साथै थप जानकारीको लागि यस निर्देशनालयको सम्पर्क नं ०७१-४२०५४३/४२००१२ तथा सम्बन्धित कृषि ज्ञान केन्द्रमा सम्पर्क गर्न सकिनेछ ।

(ङ) जग्गाको जग्गा धनि प्रमाण-पूर्जाको प्रतिलिपि र भाडामा लिएको भए भाडामा लिएको सम्झौता-पत्र र जग्गा धनि प्रमाण-पूर्जाको प्रतिलिपि पेश गर्नु पर्नेछ।

(च) भौतिक पूर्वाधार निर्माणको हकमा डिजाइन, ले-आउट तथा लागत इस्टिमेट प्राविधिकबाट तयार भएको हुनु पर्नेछ।

(छ) संरक्षित संरचनामा प्रस्तावित बालीको खेतीमा अनुभव तथा जनशक्तिको विवरण पेश गर्नु पर्नेछ।

(ज) आवेदकले आफ्नो लागत अंश व्यहोर्न सक्ने क्षमता भएको प्रमाण पेश गरेको हुनु पर्नेछ।

(झ) दफा १० को उपदफा (४) को तालिका अनुसारको न्यूनतम क्षेत्रफलका आधारमा यसै साथ संलग्न अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गरेको हुनु पर्नेछ।

(ञ) प्रस्तावित परियोजना स्थलमा सडक, सिंचाई, विजुली, लगायतका सुविधाहरु भएको विवरण पेश गर्नु पर्नेछ।

(ट) समान प्रयोजनका लागि अन्य कुनै स्रोतबाट अनुदान नलिएको स्व-घोषणा पत्र पेश गर्नु पर्नेछ।

(ठ) स्थानीय तहले स्थानीय रुपमा कार्यक्रम सञ्चालनको सिफारिस र कृषि ज्ञान केन्द्रको प्राविधिक उपयुक्तताको सिफारिस पेश गर्नु पर्नेछ।

६. अनुदान उपलब्ध गराउने कृयाकलाप र अनुदानको सिमाः

- प्रति अनुदानग्राही एक वटा संरचना
- कूल लागतको बढिमा ५० प्रतिशत वा तालिकामा उल्लेख अधिकतम रकम मध्य जून कम हुन आउँछ, सो रकम अनुदानमा दिन सकिनेछ।

| क्र.सं. | विवरण | प्रति इकाई न्यूनतम क्षेत्रफल (व.मि.) | अनुदान दर प्रति व.मि. रु. | प्रति इकाई अधिकतम अनुदान रकम रु. | भौगोलिक उपयुक्तता |
|---|---|---|---|---|---|
| १ | एग्रीनेट हाउस (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित) | ३९५६ | ५२५ | २०,७६,९०० | तराई क्षेत्रको लागि |
| २ | नेचुरल्ली भेण्टिलेटेड पोलिहाउस (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित) | १००८ | १,४५० | १४,६१,६०० | समुद्री सतहबाट २५०० मिटर उचाई सम्मका स्थानका लागि |

- प्रति इकाई वा संरचना तोकिए बमोजिमको न्यूनतम क्षेत्रफल हुनुपर्नेछ भने सो भन्दा बढि क्षेत्रफलमा निर्माण कार्य गरिएता पनि अनुदान सिमा माथि तालिकामा तोकिएको अधिकतम रकम भन्दा बढ्ने छैन।

**७. आवेदकको किसिमः** कृषक समूह, कृषि सहकारी, निजी कृषि कम्पनी र निजी कृषि फार्म।

**८. आवेदन बुझाउने स्थानः** कृषि विकास निर्देशनालय, बुटवल तथा सम्बन्धित कृषि ज्ञान केन्द्रहरु, नवलपरासी, पाल्पा, अर्घाखाँची, कपिलवस्तु, दाङ्ग, बाँके, रोल्पा वा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरु, प्युठान, बर्दिया र पूर्वि रुकुम

नोटः

माथि उल्लेखित कार्यविधिहरु तथा आवेदनका नमूना फर्मेटहरु यस निर्देशनालय तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको वेबसाइट doad.p5.gov.np तथा molmac.p5.gov.np बाट डाउनलोड गरी हेर्न सकिने छ। साथै थप जानकारीको लागि यस निर्देशनालयको सम्पर्क नं ०७१-४२०५४३/४२००१२ तथा स। सम्बन्धित कृषि ज्ञान केन्द्रमा सम्पर्क गर्न सकिने छ ।